## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

विराटनगर महानगरपालिका

# स्थानीय राजपत्र

खण्डः ०३ | संख्याः ०५ | मितिः २०७७/०६/३०

**भाग-२**

## विराटनगर महानगरपालिका

# सहकारी संस्था नियमन दिग्दर्शन, २०७७

परिच्छेद १

## सहकारी नियमन

**स्थानीय तहवाट सहकारी संघ संस्था नियमन :**

नेपालको संविधानले राज्यको पुनसंरचना गरी केन्द्रीय तहमा रहेको शासन शक्तिलाई तल्लो तह सम्म विकेन्द्रीत गरेको छ । वर्तमान संविधानले विकेन्द्रीकरण र स्थानीय स्वशासनलाई अनिवार्यरुपमा पालना गर्नुपर्ने परिस्थितिको सृजना गरिदिएको छ । सहकारी ब्यवसायलाई संघ, प्रदेश र स्थानीय तह गरी तीनवटै तहको अधिकार क्षेत्र भित्र स्थापित गरिदिएको छ । सहकारी ब्यवसाय समुदायमा आधारित ब्यवसाय भएकोले स्थानीय तहवाट नै यसको कार्यान्वयन र ब्यवस्थापन हुनु ज्यादै राम्रो कुरा हो । नेपालको संविधान, २०७२ ले सहकारिताको अवधारण ब्यवहारमा उतार्न संवैधानिक मार्ग प्रशस्त गरेकोछ । यस संविधानमा संघ, प्रदेश र स्थानीय तहको

एकल अधिकार सूचीको साथै तीनवटै तहको साझा अधिकार सूचीमा सहकारी संघसंस्थाहरुको नियमन कार्य समावेश रहेको देखिन्छ । यसरी राज्यका तीनवटै तहवाट सहकारी संघसंस्थाको अनुगमन, प्रवर्द्धन, क्षमता विकास र नियमनका कामहरु हुने देखिन्छ । नियमन अन्तरगत दर्ता, अनुमति, खारेजी र विघटनका कामहरु स्थानीय तहवाट समेत हुने प्रावधानलाई विचार गरी विराटनगर महानगरपालिकाको मिति २०७७।०३।१० नगर कार्यपालिकाबाट सहकारी संस्था दर्ता दिग्दर्शन स्वीकृत गरी लागु गरेको छ । विराटनगर महानगरपालिकाको **सहकारी संस्था दर्ता दिग्दर्शन २०७७** ले देहाय बमोजिम तोकेको छ :

क. स्थानीय तहः एउटा स्थानीय तहसम्म कार्यक्षेत्र रहेका वा रहने सहकारी संस्थाहरु,

**स्थानीय सरकार संचालन ऐन, २०७४** मा भएको ब्यवस्था बमोजिम सहकारी संस्थाको नियमन, प्रवर्द्धन, क्षमता विकास र अनुगमन संवन्धित कामको तहगत जिम्मेवारी यस प्रकार रहेको छ :

**स्थानीय तहः**

- सहकारी सम्वन्धी स्थानीय नीति, कानून, मापदण्ड निर्माण, कार्यान्वयन र नियमन,
- म.न.पा. मा सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन
- सहकारी क्षेत्रको स्थानीय तथ्यांक ब्यवस्थापन र अनुसन्धान
- राष्ट्रिय, केन्द्रीय, विषयगत प्रादेशिक र स्थानीय सहकारी संघसंस्थाहरु वीच समन्वय र सहकार्य
- स्थानीय सहकारी संस्थाहरुको क्षमता विकास
- सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास
- बचत तथा ऋण परिचालन सम्वन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन

वर्तमान अवस्थामा सहकारी क्षेत्रले संविधानको कार्यान्वयन गर्दा केन्द्र अर्थात रजिष्ट्रारमा रहेको अधिकारलाई स्थानीय तहमा के कसरी स्थापित गर्ने भन्ने विषयमा स्पष्ट हुनु आवश्यक छ । सहकारी संस्था एउटा कानूनी व्यक्ति भएकोले कानूनले तोकेको विधि र प्रकृयावाट मात्र यसको निर्माण गर्न सकिन्छ । स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सहकारी संस्था दर्ता गर्ने अधिकार सहकारी विभागको रजिष्ट्रार वा प्रदेश रजिष्ट्रार वा विराटनगर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई साविक डिभिजन सहकारी कार्यालयवाट हुदै आएका दर्ता, नियमन, तालिम, प्रवर्द्धन र अनुगमन निरीक्षणका कामलाई निरन्तरता दिई सूचारु गर्नु पर्नेछ ।

विराटनगर महानगरपालिका सहकारी ऐन, २०७५ मा उल्लेखित प्रावधान बमोजिम महानगरपालिकामा कामकाज गर्न तोकिएका प्रमुख प्रशासकीय अधिकृतले र निजबाट अधिकारप्राप्त सहकारी शाखमा कार्यरत अधिकृतस्तरको कर्मचारीले देहाय बमाजिमका काम गर्नु पर्नेछ :

१. सहकारी संस्था दर्ताको लागि पेश भएका आवेदनहरुको चेक जाँच गरी नियमानुसार दर्ता गर्ने र दर्ता प्रमाणपत्र दिने ।
२. संस्थाको प्रारम्भिक भेलाले स्वनियमन र कार्यसंचालनको लागि नियमानुसार तयार गरेको विनियम स्वीकृत तथा आवश्यकता अनुसार संसोधन गर्ने ।

३. समयसमयमा संस्थाको अनुगमन निरीक्षण गरी निर्देशन दिने ।
४. संस्थाको संचालक समितिको निर्वाचन गराउने ।
५. संस्थाको एकीकरण र विभाजन गर्ने ।
६. संस्थाको श्रेस्ता लेखापरीक्षण गर्न लेखापरीक्षकको स्वीकृति दिने ।
७. संस्थाको प्रतिवेदन तथा विवरण दाखिला गर्न लगाउने ।
८. नियमानुसार संस्थाको दर्ता खारेजि तथा विघटन गर्ने र लिक्वीडेशन सम्वन्धि काम गर्ने ।
९. नियमानुसार संस्थाका पाउने छुटसुविधा सम्वन्धित निकायमा सिफारिश गर्ने ।
१०. आफूलाई प्राप्त अधिकारमध्ये आफू मातहतको अधिकारलाई प्रत्यायोजन गर्न सक्ने ।

## <u>महानगरपालिकाले गर्नुपर्ने कामहरुः</u>

**१ महानगरपालिकाको सहकारी फांट (डेस्क) को ब्यवस्था गर्नेः**

महानगरपालिकाको सहकारी फांट वा शाखाको स्थापना गरी सहकारी नियमन, प्रवर्धन, तालीम र अनुगमनका कामहरु सुचारु गरी सेवा प्रवाह गर्नु पर्नेछ । महानगरपालिकाको शाखाको नेतृत्व कम्तीमा अधिकृतस्तरको कर्मचारीले गर्नुपर्ने छ । अन्य कामको अधिकार मातहतका कर्मचारीहरुमा प्रत्यायोजन गरेता पनि संस्था दर्ताको स्वीकृतिको काम अधिकृत स्तरभन्दा तलको कर्मचारीले गर्नसक्ने छैन ।

**२ सहकारी संस्थाहरुको लगत संकलन र सूचना अध्यावधिक गर्नेः**

विराटनगर महानगरपालिकाले सार्वजनिक सूचना जारी गरी आफ्नो भौगोलिक कार्यक्षेत्रभित्र स्थापना र संचालन भएका सहकारी संघसंस्थाहरुको विवरण संकलन गरी सूचना अध्यावधिक गर्नु पर्दछ । आफ्नो भौगोलिक क्षेत्रभित्र हालसम्म दर्ता भएका सहकारी संस्थाको दर्ता फाइल संकलन र अध्यावधिक गर्नु पर्दछ ।

**३ महानगरपालिकाका पदाधिकारीहरुका लागि अभिमुखीकरण कार्यशाला संचालन :**

महानगरपालिकाका पदाधिकारीहरुलाई सहकारी ज्ञान र चेतना अत्यन्त आवश्यक छ । त्यसको लागि स्थानीय तहवाट आफ्ना पदाधिकारीहरुका लागि अभिमुखीकरण कार्यशालाको आयोजना गर्नु पर्दछ । सहकारी संघसंस्था समुदायमा आधारित हुन्छन । महानगरपालिकाका पदाधिकारीहरुले सस्थाका काम कारवाहीहरु प्रत्यक्ष रुपले अनुगमन गर्न सक्दछन । राम्रो काम गर्ने संस्थालाई पुरस्कारको सिफारिश गर्न र नराम्रो काम गर्ने उपर कारवाहीको सिफारिश गर्न सक्नेछन् । सहकारी संस्थाको नियामक निकाय महानगरपालिका नै हो । सहकारी अभिमुखीकरण कार्यशालाको संचालन गर्दा महानगरपालिकाले भूमि व्यवस्था कृषि सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी विभाग, राष्ट्रिय सहकारी संघ, विषयगत केन्द्रीय सहकारी संघ, प्रदेश विषयगत संघ, प्रदेश सहकारी संघ, जिल्ला सहकारी संघ, जिल्ला विषयगत सहकारी संघ, राष्ट्रिय सहकारी विकास बोर्ड समेतका निकायहरुसंगको समन्वय र सहयोगमा गर्न सक्नेछ ।

**४ सहकारी संस्था नियमनको लागि ऐन, निर्देशिका तथा मापदण्ड तयार गर्नेः**

संघीय संरचना बमोजिम संघ, प्रदेश र स्थानीय तहवाट छुट्टाछुट्टै ऐन तथा सोही अनुसारका नियमावली, निर्देशिका तथा मापदण्ड जारी गरी लागु गर्न सक्नेछन् । यस निर्देशिकामा महानगरपालिकाको आवश्यकता अनुसार के कस्ता र कुन प्रकृतिका संस्था दर्ता गर्ने, दर्ता गर्दा के कस्ता शर्तहरु पालना गर्नुपर्ने, कार्यक्षेत्र कति कायम गर्ने, संचालक, व्यवस्थापक र सदस्यहरुका जिम्मेवारी के हुने, आन्तरिक नियन्त्रण के कसरी गर्ने, लेखापरीक्षणको विधी तथा शर्तहरु के के हुने, ऐन नियम पालना नगर्ने, सदस्यहरुको हित के कसरी संरक्षण गर्ने, मस्यौट तथा हिनामिना गर्ने उपर के कस्ता कारवाही गर्ने आदि उल्लेख गरिनेछ ।

## ५ सहकारी संस्थाहरुले संचालन स्वीकृति लिनुपर्ने:

महानगरपालिकाले आफ्नो कार्यक्षेत्रभित्रका सहकारी संस्थाहरुलाई सहजीकरण गर्न र आफ्नो अभिभावकत्व प्रदान गर्नेछ । स्थानीय सेवा प्रवाह तथा अनुगमन निरीक्षणमा सहयोग होस भन्ने अभिप्रायले एक पटकको लागि प्रत्येक संस्थाले महानगरपालिकाबाट संचालन स्वीकृति लिनु पर्दछ । अन्य जिल्ला वा स्थानीय तहमा कार्यालय राखी आफ्नो म.न.पा.मा समेत कार्य संचालन भैरहेका भए त्यस्ता संस्था वा शाखाले महानगरपालिकाबाट समेत संचालन स्वीकृति लिनु पर्दछ ।

## ६ सहकारी संस्थाहरुको अनुगमन निरीक्षण गरी निर्देशन दिने:

महानगरपालिकाको सहकारी ऐन, २०७५ अनुसार रजिष्ट्रार वा निजवाट अधिकार प्राप्त व्यक्तिले सहकारी संस्थाको जुनसुकै कागजात तथा अभिलेख निरीक्षण गर्न र प्रतिवेदन मार्फत सुझाव दिन सक्नेछ । रजिष्ट्रारवाट प्राप्त अधिकारको आधारमा महानगरपालिकावाट अनुगमन निरीक्षणलाई तिव्रताका साथ अगाडि बढाउनु पर्दछ ।

## ७ सहकारी संस्थाहरुवाट प्रतिवेदन लिनुपर्ने:

महानगरपालिकाको सहकारी ऐन, २०७५ अनुसार सहकारी संस्थाहरुले आफ्नो कारोवारको वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, बचत नीति तथा योजना, संचालकहरुको नाम तथा बांकी कार्याविधि, साधारणसभाको लागि निर्धारित वैठक मिति, रजिष्ट्रार वा अख्तियारवालाले मागेको अन्य विवरणहरु समेत आ.व. समाप्त भएको ३ महिनाभित्र रजिष्ट्रार वा निजले तोकेको वा अधिकार प्रत्यायोजन गरेको अधिकारी समक्ष पेश गर्नुपर्ने हुँदा महानगरपालिकाको क्षेत्राधिकारभित्रका सहकारी संस्थाहरुले ऐन तथा नियमावलीहरुमा उल्लेखित प्रतिवेदन बुझाउनु पर्दछ । निर्धारित समयमा प्रतिवेदन नवुझाउने उपर महानगरपालिकाबाट कानून वमोजिमको कारवाही वा जरिवाना हुनेछ ।

## ८ सहकारी संघसंस्थाहरुको एकीकरण र विभाजन गर्ने:

महानगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ६६(१) अनुसार साधारणसभाको हाल कायम रहेका सदस्यहरुको बहुमतवाट दुई वा सो भन्दा धेरै संस्था एकीकरण वा एउटा संस्था दुई वा सो भन्दा बढी संस्थामा विभाजन गर्ने निर्णय गरेमा रजिष्टार वा अधिकारवालाले एकीकरण वा विभाजन गर्न सक्ने व्यवस्था भए अनुसार अव उप्रान्त महानगरपालिकाको कार्यालयवाट सहकारी संघसंस्था एकीकरण र विभाजन गर्नु पर्दछ ।

महानगरपालिकासँग जोडिएको अन्य पालिकाहरुको एकीकरण गर्नुपर्दा सम्वन्धित पालिकाको सिफारिसमा प्रदेश सहकारी रजिष्ट्रार कार्यालयले संस्थाहरु एकीकरण र विभाजन गर्न सक्नेछ ।

**९ सहकारी संस्थाहरुको दर्ता खारेजी र विघटन गर्नेः**

महानगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ६७ (१) अनुसार साधारणसभाको हाल कायम रहेका सदस्यहरुको बहुमतवाट संस्था वा संघ विघटन गर्ने निर्णय गरेमा दफा ६७(२) अनुसार रजिष्ट्रार वा अधिकारवालाले त्यस्तो संस्था दर्ता खारेज गर्न सक्ने छ । त्यस्तै दफा ६७ (३) अनुसार संस्था २ वर्ष सम्म कुनै कारोवार नगरी निष्कृय रहेको वा उद्देश्य विपरित कार्य गरेको पाईएमा रजिष्ट्रार वा अधिकारवालाले त्यस्तो संस्थाको दर्ता खारेज गर्न सक्नेछ । दर्ता खारेजमा परेका संस्था विघटन हुने छन । यदि विघठित संघसंस्थाको सम्पति र दायित्व फरफारक गर्नुपर्ने अवस्था भएमा दफा ६९ अनुसार रजिष्ट्रर वा अधिकार प्राप्त ब्यक्तिले लिक्वीडेटर नियुक्त गर्नेछ ।

**१० सहकारी संस्थाको दर्ता तथा नियमन :**

विराटनगर महानगरपालिकाको सहकारी ऐन २०७५ अनुसार रजिष्ट्रार वा अख्तियारवालाले संस्थाको प्रस्तावित विनियम जाँचबुझ गर्दा उपयुक्त देखेमा संस्था वा संघ दर्ता गरी प्रमाण पत्र दिनेछ र यदि जांचबुझ गर्दा अनुपयुक्त देखेमा संवन्धित ब्यक्तिहरुलाई १५ दिनभित्र सूचना दिई संसोधन पेश गर्न ३५ दिनको समय दिनेछ । तर आवेदकहरुले संसोधन नगरेमा दर्ता गर्न अस्वीकार गर्न सक्नेछ । नयां संस्था दर्ता गर्दा एकै स्थानमा अनावश्यक रुपमा धेरै संस्था नहुने हिसावले एउटा संस्थाको लागि महानगरपालिकाको हकमा ५००० जनसंख्यालाई आधार मानेर गर्नु पर्दछ । एकैचोटी नयां संस्था दर्ता गर्नु भन्दा पुराना संस्थामा सदस्य बन्न उत्प्रेरित गर्नु पर्दछ । कुनै पुरानो संस्थाले कसैलाई सदस्यता नदिएमा महानगरपालिकाबाट जांचबुझ गरी खुला सदस्यताको सिद्धान्तलाई उलंघन गर्ने उपर कारवाही गर्नु पर्दछ ।

**११ महानगरपालिका कार्यालयमा नागरिक बडापत्र राख्ने :**

महानगरपालिकाको कार्यालयले संवन्धित सेवाग्राहीले सजिलै देख्ने गरी नागरिक बडापत्र राख्नु पर्नेछ । जसमा सेवासंग संवन्धित शाखा, जिम्मेवार पदाधिकारी, लाग्ने समय, बुझाउनु पर्ने दस्तुर आदिको विषयमा सर्वसाधारणलाई सूसुचित गर्नु पर्दछ । र सो कुराको जानकारी वेभसाइट निर्माण गरी सूचना अध्यावधिक गरी राख्नु पर्दछ ।

**१२ सहकारीका प्रचलित मूल्य तथा सिद्धान्तहरुको परिपालना गराउनेः**

सहकारीका विश्वब्यापी मूल्य र सिद्धान्तहरुको परिपालना नगर्ने सहकारी संस्थाको कारोवार रोक्का गर्ने, बैंक खाता रोक्का गर्ने, सिद्धान्तको उलंघन गर्ने उपर कारवाही चलाउने र दर्ता खारेजी तथा विघटन गर्ने सम्मका कामहरु महानगरपालिकावाट गर्नु पर्दछ ।

**१३ कार्यक्षेत्र निर्धारण तथा विस्तार गर्नेः**

शुरुमा संस्था दर्ता गर्दा सानो कार्यक्षेत्र कायम गरी दर्ता गर्ने र तीन वर्षसम्मको कार्य प्रगतिको आधारमा कार्यक्षेत्र विस्तार गर्न सकिनेछ । महानगरपालिकाले संस्थाको कार्यक्षेत्र निर्धारण गर्दा परिस्थितिको सुक्ष्म विश्लेषण गरी शुरुमा एक वडा र पछि विस्तार गर्दा बढीमा विराटनगर महानगरपालिका सम्म तोक्नु पर्दछ ।

**१४. संस्थागत क्षमता विकास कार्यक्रम संचालनः**

सहकारीको पांचौ सिद्धान्त अनुसार संस्थाका संचालक, व्यवस्थापक, सदस्यहरु र समुदायका संभावित सदस्यहरु समेतलाई सहकारी शिक्षा, तालीम र सूचना उपलब्ध गराउनु पर्दछ । सहकारी आन्दोलन एउटा शैक्षिक आन्दोलन पनि भएकोले महानगरपालिका कार्यालयले आफ्नो भौगोलिक कार्यक्षेत्र भित्रका सहकारी संस्थाका संचालक, व्यवस्थापक र सदस्यहरुको क्षमता विकासको कार्यक्रम निरन्तर रुपमा संचालन गर्नु पर्दछ ।

**१५. सहकारी संघसंस्थाको प्रवर्द्धन र विकासः**

नेपालको संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तरगत राज्यको आर्थिक उद्धेश्य प्राप्त गर्ने माध्यमको रुपमा सहकारी क्षेत्रलाई एउटा महत्वपूर्ण औजार स्वीकार गरिएकोछ । त्यसै गरी सहकारी, गरिवी निवारण, कृषि, स्वास्थ्य तथा जनसंख्या, बन तथा वातावरण र उद्योग समेतका क्षेत्रगत नीतिहरुमा मुलुकको विकासको लागि सहकारी क्षेत्रलाई एउटा महत्वपूर्ण औजारको रुपमा लिएको सन्दर्भमा राज्यको तर्फवाट विशेष गरी विराटनगर महानगरपालिकामार्फत समेत स्थानीय तह मार्फत सहकारी संस्थाहरुको प्रवर्द्धन र विकासको लागि छुट, सुविधा वा वित्तीय सहयोग वा बीउपूँजी वा पूँजीगत अनुदान उपलब्ध हुन सक्ने देखिन्छ ।

**१६. छुट सुविधा सिफारिश तथा समन्वयः** सहकारी संस्थालाई राज्यको तर्फवाट प्राप्त हुने विशेष छुट सुविधा तथा अनुदान सहयोग र वाह्य मुलुक वा गैरसरकारी संस्थाहरुवाट सहयोग प्राप्त गर्न आवश्यक सिफारिस गर्ने काम महानगरपालिका कार्यालयवाट हुनेछ । त्यसै गरी संघ र प्रदेशसंग आवश्यक समन्वय र अन्तर स्थानीय तहमा हुनसक्ने सहकारी सम्वन्धी विवाद समाधानमा समेत विराटनगर महानगरपालिकावाट समन्वय हुनेछ ।

**१७. सहकारी संस्थाहरुको वर्गीकरणः** सहकारी संघसंस्थाको कार्यक्षेत्र वा कार्यप्रकृति वा कुल सम्पति र कुल दायित्व वा कुल कारोवारको आधारमा सहकारीसंस्थाको वर्गीकरण गर्ने काम महानगरपालिकावाट हुनेछ ।

**१८. सहकारी क्षेत्रको अध्ययन अनुसन्धानः** नेपाल र विश्वका विभिन्न मुलुकहरुमा सहकारीको सिद्धान्त एउटै भएता पनि व्यवाहारिक प्रयोगमा आआफ्नो परिस्थिति बमोजिम विविधता पाईन्छ । मुलुकमा गठन भएका स्थानीय गांउपालिका र नगरपालिकाहरुको अवस्था र परिवेश पनि फरक हुने हुँदा विराटनगर महानगरपालिकाले आवश्यकता बमोजिम अध्ययन अनुसन्धान गरी सहकारीको दीर्घकालिन योजना र कार्यक्रम तर्जुमा गर्नुपर्दछ ।

**१९. पुराना साझा सहकारी संस्थाको सम्पति व्यवस्थापन:** नेपालको सहकारी अभियानको शुरुवाती चरणमा गठन भएका साझा संस्थाहरु यस नगरपालिका क्षेत्रभित्र पनि संचालनमा रहेकाले यसको सम्पत्ति व्यवस्थापनका लागि विराटनगर महानगरपालिकाको सहकारी नियमावलीको नियम २४ को उपनियम ३ बमोजिम  मन्त्रालयको पूर्व स्वीकृति लिंदा समितिको निर्णयबाट पूर्व स्वीकृति लिनुपर्नेछ ।

**२०. लक्षित समुदायको विकासको लागि सहकारीमा संगठित गर्ने:** सहकारी नियमावली २०७७ को नियम २४ (४) अनुसार महिला, फरक क्षमता भएका व्यक्तिहरु मात्र संलग्न भै दर्ता र संचालन भएमा त्यस्ता संस्थाहरुलाई महानगरपालिकाले देहाय बमोजिमका छुटहरु उपलब्ध गराईने छ ।

क) महिलाद्वारा संचालित सहकारी संस्थाहरुलाई लाग्ने व्यवसाय करमा ५० प्रतिसत व्यवसाय कर छुट दिइनेछ ।

ख) फरक क्षमता भएका संस्थाहरुका लागि लाग्ने व्यवसाय करमा ७५ प्रतिसत छुट दिइनेछ ।

ग) यस प्रकार संस्थाको क्षमता विकासका लागि विशेष कार्यक्रम संचालन गरिने वा संचालित कार्यक्रममा आरक्षणको व्यवस्था गरिनेछ ।

घ) यस प्रकारका संस्था संचालनका लागि वार्षिक रुपमा संचालन अनुदान दिन सकिनेछ ।

ङ) संस्था एकीकरण वा विभाजन गर्दा सकेसम्म नगरिने वा संचालक समितिमा सीटको आरक्षण गरिनेछ ।

च) यस प्रकारको छुट सुविधा पाउनका लागि संस्था सहकारी कानून बमोजिम संचालन भएको हुनुपर्नेछ ।

**२१. सहकारी संस्थाको विनियम संसोधन वा पूनर्लेखन सम्वन्धी व्यवस्था :**

परिवर्तित सन्दर्भमा सहकारी संस्था संचालनका लागि साविकको ऐन बमोजिम विनियम स्वीकृत भै संचालनमा ल्याइएका संस्थाहरुले हालको ऐन बमोजिमका दफाहरु अनुसार विनियम संसोधन वा पुनर्लेखन गर्न चाहेमा देहाय बमोजिमको प्रकृया पुरा गर्नुपर्नेछ ।

(क) विनियम पूनर्लेखन वा संसोधनको सैध्दान्तिक पूर्व स्वीकृति दर्ता गर्ने अधिकारीबाट स्वीकृत गराउने

(ख) संचालक समितिबाट विनियम संसोधन पूनर्लेखन उपसमिति गठन गर्ने

(ग) उपसमितिले पेश गरेको विनियम समितिले दफावार छलफल गरी समितिबाट पारित गरेको निर्णय

(घ) समितिले पारित गरी साधारण सभाको बहुमतबाट पारित गरेको निर्णय

(ङ) आन्तरिक कार्यविधि निर्माणमा पनि पुनर्लेखनकै प्रकृया अपनाउने

(च) संस्थाको कार्यक्षेत्र पुन निर्धारण सम्पन्न भैसकेकोमा कार्यक्षेत्र पुननिर्धारण

वा विषय परिवर्तन लाई विनियमको अंग वनाइ संसोधन वा पुनर्लेखनमा समावेश गर्ने ।

**<u>सहकारी सचेतनाको लागि सर्वसाधारणले जान्नु बुझ्नु पर्ने कुराहरु :</u>**

१ सहकारी संस्था सदस्यहरुको आवश्यकताको आधारमा गठन गरिन्छ । आफ्नो आवश्यकता र अन्य सदस्यहरुको आवश्यकता बाझिनु हुदैन । आवश्यकताको साझा सम्वन्ध (Common Bond) स्थापित हुने किसिमवाट सदस्यहरुको छनोट हुनुपर्दछ । संस्थाको उद्देश्य र सदस्यहरुका आवश्यकता र आकांक्षाको तालमेल वा तादम्यता (Consistency) हुनु पर्दछ ।

२ सहकारीको अर्थ र उद्धेश्य नबुझिकन सदस्यता लिनु हुदैन । सदस्य बनिसके पछि आफूले निर्वाह गर्नुपर्ने भूमिका र आफूलाई प्राप्त हुने सेवा र फाईदाहरुको वारेमा सदस्यता लिनु अगाडि नै राम्रोसंग बुझ्नु पर्दछ । सदस्यहरु नै सहकारी संघसंस्थाका मालिक भएकोले संस्था संचालनमा हरेक सदस्यको उत्तिकै जिम्मेवारी र कर्तब्य हुन्छ । अरुको भरमा केही पाउने आसले सदस्यता लिनु हुदैन ।

३ सहकारी संस्थामा संचालकहरुको जे जति अधिकार हुन्छ, साधारण सदस्यहरुको पनि त्यति नै अधिकार हुन्छ । सहकारी संस्था सवै सदस्यहरुको साझा उद्यम हो । ब्यवस्थापक वा कार्यकारी अधिकृत भनेको संचालक समितिले नियुक्त गरेको कर्मचारी हो ।

४ संस्था र संचालकहरुको वारेमा राम्रोसंग नबुझिकन अरुको देखासिखी र लहैलहैमा सहकारी संस्थाको सदस्यता लिनु हुदैन । क्षणिक आवेगमा आएर सदस्य बन्नु वा संस्था दर्ता गर्नु राम्रो हुदैन । संस्था दर्ता गरी सके पछि संस्थागत निरन्तरता आवश्यक हुन्छ ।

५ कुनै पनि व्यक्तिले नियमानुसार सहकारीको सदस्यता प्राप्त नगरे सम्म सहकारी संस्थामा बचत संकलन गर्नु हुँदैन । बढी ब्याजको लोभमा सदस्य नबनिकन वा संस्थाको राम्रो जानकारी नलिईकन कारोवार गर्दा ठगिने सम्भावना हुन्छ ।

६ सर्वसाधारण नागरिकहरुले सहकारी संस्थामा रकम जम्मा गर्नु भन्दा पहिले सहकारी संस्था र वैंक एउटै होइन भन्ने बुझ्नु जरुरी छ । बैंक दर्ता गर्दा सरकारको केन्द्रीय बैंकले सुरक्षणबापत ठूलो रकम धरौटीको रुपमा लिएर मात्र दर्ता गर्ने हुँदा ग्राहक ठगिन गएमा उक्त रकमवाट पूर्ताल हुन सक्छ । तर सहकारी संस्था कुनै सुरक्षणविना निशुल्क दर्ता हुने हुँदा सदस्य ठगिन गएमा सरकारले घाटा पूर्ताल गर्न सक्दैन ।

७ सहकारी संस्थाहरुले सिद्धान्त, मूल्यमान्यता र प्रचलित कानून बमोजिम आ-आफ्नो विनियम अनुसार स्वीकृत कार्यक्षेत्र भित्र केन्द्रित कारोबार गर्नुपर्ने हुँदा सदस्यता प्राप्त गर्न चाहने ब्यक्तिले आफ्नो स्थायी बसोवास संस्थाको कार्यक्षेत्र भित्र रहे नरहेको वारेमा राम्रो जानकारी लिएर मात्र कारोवार गर्न सकिन्छ ।

८ सहकारी संघसंस्थाले आफ्ना सदस्यहरु भन्दा बाहिर बचत तथा ऋणको कारोबार गर्न पाईदैन । सहकारी संस्थाले सदस्यहरु वीच संस्थापक र गैरसंस्थापक भनि विभाजन गर्न र सेवा सुविधा वितरणमा कुनै पनि किसिमको विभेद गर्न पाउदैन । त्यस्तै भ्रमपूर्ण विज्ञापन मार्फत सर्वसाधारणलाई आकर्षित गरी बचत संकलन गर्न पाउदैन ।

९ संस्थाले प्राथमिक पूँजिकोषको १५ गुणा भन्दा बढी बचत परिचालन गर्न, एक जना सदस्यले कुल पूँजिकोषको १५ प्रतिशत भन्दा बढी रकम ऋण लिन, एउटै परिवारको

सदस्य वा एउटै व्यक्ति संचालक समिति, लेखा समितिको सदस्य हुन, एकै प्रकृतिको एक भन्दा बढी संस्थामा सदस्य बन्न र एउटै व्यक्ति एक भन्दा बढी संस्थाको पदाधिकारीमा बस्न पाइदैन । साधारण सभावाट शेयर रकम बृद्धि गरेर प्राथमिक पूंजीकोष र कुल पूंजीकोष बढाउन सकिनेछ ।

१० सहकारी संस्थाको स्वीकृत विनियममा उल्लेख नभएका कामहरु गर्न गराउन पाइनेछैन । तर साधारण सभाबाट विनियम संशोधन गरी संबन्धित निकायबाट स्वीकृत भएपछि नयाँ काम गर्न सकिनेछ ।

११ सहकारी संस्थाका प्रत्येक सदस्य तथा पदाधिकारीहरुले व्यक्तिगत रुपमा संस्थामा नियमित बचत गर्ने र संस्थाको हरेक गतिविधि र काम कारवाहीमा सहभागि भई जिम्मेवारी वहन गर्नुपर्दछ । सदस्यहरुले आफ्नो जिम्मेवारी पुरा नगर्ने तर सेवा सुविधा र मुनाफा मात्र खोज्ने प्रबृति साहुकारी र ठालु प्रबृति हो ।

१२ सहकारी संस्थाको संचालक समिति सदस्यहरुवाट चुनिएको प्रतिनिधि निकाय हो । यसले संस्थाका सदस्यहरु माथि शासन गर्ने होइन । बरु संरक्षकको नाताले सदस्यहरु प्रति जवाफदेही र उत्तरदायि हुनु पर्दछ ।

१३ सहकारी संस्थामा साधारणसभा सर्बोच्च अंग भएकोले यस अन्तरगत कार्यकारी, न्यायिक र विधायकी, अधिकार अन्तरनिहित हुन्छ । साधारणसभाद्वारा कार्यकारी अधिकार संचालक समितिलाई प्रत्यायोजित हुन्छ । संस्थाको विनियम, नीति, विनियमावली र कार्यविधी साधारण सभावाट नै स्वीकृत गरी लागु गरिन्छ । त्यसैले लेखापरीक्षकको पारिश्रमिक, कर्मचारीहरुको दरवन्दी स्वीकृत र पदाधिकारीहरुको भत्ता तथा अन्य सुविधा साधारणसभाबाट पारित गराएर मात्र खर्च गर्नु पर्नेछ ।

१४ संस्थागत निरन्तरता र नियमितताको लागि सहकारी संस्थाले अनिवार्य रुपमा वार्षिक साधारणसभा र लेखापरीक्षण गराउनु पर्दछ । लामो समयसम्म वार्षिक साधारणसभा र लेखापरीक्षण नगराउने निष्कृय संस्थाहरुको दर्ता खारेजी गराउन तथा विघटन गर्न सकिन्छ । सदस्यता लिँदा साधारणसभा र लेखापरीक्षणको निरन्तरतालाई हेर्नुपर्छ ।

१५ संस्थाका पदाधिकारीहरु नियमनकारी सरकारी निकाय वा सरकार र सदस्यहरु प्रति उत्तरदायी हुनु पर्दछ । संस्थाको संचालक समिति, लेखासमिति तथा अन्य उपसमितिको बैठक नियमित रुपमा बस्ने र महत्वपूर्ण निर्णयको माइन्युटको प्रमाणित अभिलेख उपस्थित पदाधिकारीहरुको हस्ताक्षर सहित सुरक्षित रुपमा राख्नु पर्दछ ।

१६ सहकारी संस्थाको माध्यमवाट अनुत्पादक क्षेत्रमा हुने लगानीलाई निरुत्साहित गर्दै स्वरोजगारी सृजना, उत्पादन तथा आयआर्जन बृद्धि र गरिबी न्यूनीकरणमा टेवा पुर्‍याउने उद्येश्य अनुरुप समान प्रकृतिका संस्थाहरुको एकीकरण गरी सवल र सक्षम सहकारी उद्यमको निर्माण गर्नु आजको आवश्यकता हो ।

१७ सहकारी प्रचलित मूल्यमान्यता, सिद्धान्त, प्रचलित कानून, विभागीय निर्देशन, परिपत्र र मापदण्डको पालना र कार्यान्वयन नगर्ने सहकारी संस्थालाई प्रचलित कानून अनुसार कारवाही गर्नु पर्दछ ।

१८ सहकारी संघसंस्थाको आन्तरिक नियमन प्रणालीलाई संन्तुलित र ब्यवस्थित गर्न आन्तरिक लेखापरीक्षणको अनिवार्यता गरिएको हुन्छ । हरेक संस्थामा लेखा तथा सुपरीवेक्षण समितिको ब्यवस्था गरिएको हुन्छ । लेखा तथा सुपरीवेक्षण समितिको निर्वाचन साधारणसभाले गर्दछ । लेखा तथा सुपरीवेक्षण समितिले संचालक समितिका हरेक काम कारवाही, हिसावकिताव र निर्णयहरु चेकजांच गरी चौमासिक र वार्षिक रुपमा प्रतिवेदन दिने काम गर्दछ । लेखा तथा सुपरीवेक्षण समिति संचालक समितिवाट

स्वतन्त्र हुन्छ । लेखा तथा सुपरीवेक्षण समिति कमजोर भयो भने संचालक समिति स्वेच्छाचारी र हावी हुन सक्दछ । त्यतिवेला आन्तरिक नियमन प्रणाली र संस्थागत सुशासन कमजोर हुन जान्छ ।

**संस्थामा सदस्यहरुले बहन गर्नुपर्ने जिम्मेवारीहरु :**

१ प्रत्येक सदस्यले संस्थाका काम कारवाहीहरुको निगरानी गर्नु पर्दछ । संस्थाले कानून सम्मत ढंगले काम गरे नगरेको हेर्नुको साथै आ-आफ्नो बचत हिसाव सुरक्षित छ छैन भनि रुजु तथा चेकजांच गर्नु पर्दछ ।

२ संस्थाको साधारणसभामा अनिवार्य रुपमा भाग लिने, संस्थाको कार्य प्रगतिको समीक्षा गर्ने, राम्रा कामको तारिफ गर्ने, गलत कामको स्पष्टिकरण लिने, गल्ती गर्ने उपर कारवाहीको माग गर्ने, भावी कार्ययोजना र कार्यक्रम निर्धारणमा सहभागिता र सुझाव दिने जिम्मेवारी सदस्यहरुको हो ।

३ संस्थाको संचालक समिति, लेखा तथा सुपरीवेक्षण समिति र उपसमितिहरुका विभिन्न पदहरुमा प्रतिनिधित्व गरी निर्धारत कामहरु गर्ने ।

४ आफूले उत्पादन गरेका बस्तु र सेवा संस्थामा विक्री गर्ने र संस्थाले उपलब्ध गराएको बस्तु र सेवा उपयोग गर्ने ।

५ संस्थामा भए गरेका कृयाकलाप र निर्णयहरु वारे जानकारी लिने र अरुलाई समेत जानकारी गराउने, गलत निर्णयहरुको विरोध गर्ने र राम्रो कामको लागि सुझाव र प्रतिक्रिया दिने ।

६ संस्थामा भएगरेका निर्णयहरु र सो को कार्यान्वयन सदस्यहरुको हितमा छ छैन अध्ययन गर्ने र धाधलि र पक्षपात भएको पाईएमा लेखा तथा सुपरीवेक्षण समिति, रजिष्ट्रार वा नियमनकारी सरकारी निकाय र आमसदस्यहरुलाई जानकारी गराउने, संचालक समितिमा विषेश साधारणसभाको माग गर्ने ।

७ संस्थामा नियमित बचत गर्ने, अरुलाई पनि बचत गर्न प्रोत्साहित गर्ने, आवश्यकता बमोजिम ऋण लिने, तोकिएको समयमा ऋण फिर्ता गर्ने र संस्थामा नियमित कारोवार गर्ने ।

८ अनियमित र शंकास्पद काम कारवाही भएको जानाकरी हुनासाथ सम्वन्धित निकायमा उजुरी दिने ।

९ संस्थाको प्रत्येक काममा क्रियाशील सहभागिता जनाउने ।

**सहकारी संस्थाको गठन र नविकरण :**

१. संस्थाको कार्यक्षेत्रभित्र बसोवास गर्ने, मानसिक अवस्था ठीक भएको, १६ वर्ष उमेर पुगेको र कुनै पनि फौजदारी अभियोगमा अदालतद्वारा कसुरदार भनि प्रमाणित नभएको कोही पनि नेपाली नागरिक सहकारी संस्थाको सदस्य हुन सक्दछ ।

२. ती व्यक्तिहरु जसले सहकारी संस्थाको सदस्यता प्राप्तिको लागि ईच्छा जाहेर गरेका हुन्छन । उनीहरुले आफ्नो समुदायमा स्थापित सहकारी संस्थाको सदस्यताको लागि तोकिएको सदस्यता शुल्क र शेयर वापतको रकम समेत संलग्न राखी निवेदन दिनु पर्दछ ।

३. प्रथम पटक संस्था खोल्न चाहने व्यक्तिहरुले आपसी छलफलको लागि प्रारम्भिक भेलाको आयोजना गरी तदर्थ समिति गठन गरी विनियम तयारीको साथै संस्थाको कोष संकलनको जिम्मेवारी तोक्ने काम गर्दछन ।
४. दोश्रो प्रारम्भिक भेलाले सहकारी संस्थाको विनियम अनुमोदन गरी दर्ताको लागि कुनै सदस्यलाई जिम्मेवारी तोक्ने काम गर्दछ ।
५. नेपालको संविधान, संघीय सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, स्थानीय सरकार संचालन ऐन २०७४ र विराटनगर महानगरपालिकाको सहकारी ऐन २०७५ तथा नियमावली २०७७ अर्न्तगत सहकारी विभागको रजिष्ट्रार वा प्रदेश रजिष्ट्रार वा विराटनगर महानगरपालिकाले तोकेको अधिकारीले मात्र सहकारी संघसंस्थाहरुको दर्ता गर्न सक्नेछन् ।
६. सहकारी संस्थाको दर्ता एक पटक गरी सकेपछि पुनः नविकरण गर्नु पर्दैन । निर्धारित अवधिभित्र लेखापरिक्षण र वार्षिक साधारणसभा सम्पन्न भएमा संस्थाको स्वत नवीकरण भएको मानिन्छ ।
७. संस्थाले स्वनवीकरणको जानकारी विराटनगर महानगरपालिकामा साधरणसभा भएको १५ दिनभित्र दिनु पर्दछ ।
८. लगातार दुई वर्षसम्म लेखापरीक्षण र साधारणसभा नगर्ने संस्थाहरुको विवरण विराटनगर महानगरमा सार्वजनिक गरी दर्ता खारेजी र विघटनको प्रकृया अगाडि बढाउनु पर्दछ ।

**सहकारी संघसंस्थाहरुले राख्नुपर्ने वहीखाता र किताबहरु :-**

विनियममा व्यवस्था भए बमोजिम सहकारी संघ संस्थाहरुले निम्नानुसारमा किताव तथा वही खाताहरु राख्नु पर्दछ -

१ सदस्य विवरण किताव (Member Register)
२ नगदी वही (Cash Book)
३ संस्थाको छाप (Seal)
४ नगदी वाकस (Cash safe)
५ भुक्तानी पूर्जा (payment book) र चेक बुक (Cheque book)
६ बचत जम्मा पूर्जा (Saving book) र पासबुक (Pass Book)
७ प्रत्येक सदस्यको खाता (Ledger A/C for each members)
८ खरिद किताव (Purchase Book)
९ विक्रि किताव (Sale Book)
१० संयोगिक आय ब्याय वही (Contingent Income and Expenditure)
११ ऋणी किताव (Creditors Book)
१२ साहुँ किताव (Depositors Book)
१३ सूचना किताव (Notice Book)
१४ वैठक पुस्तिका (Preceding Book)
१५ शेयर किताव (Share Register)
१६ मौज्दात किताव (Stock Book)
१७ नक्कल प्रति सहितको नगदि रसिद (Cash memo)

१८ आगन्तुक पुस्तिका (Visitors Register)
१९ जमानी पुस्तिका (Sureties Register)

## परिच्छेद दुई

## सहकारी संघसंस्था निरीक्षण अनुगमन

**निरीक्षण तथा अनुगमन र हिसाव जांच गर्ने अधिकारी:**

१.विराटनगर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सहकारी संस्थाको जुनसुकै बखत निरीक्षण, अनुगमन र हिसाव जाँच गर्न गराउन सक्नेछन ।
२.नेपाल राष्ट्र बैंकले सहकारी बैंक र रु पचास करोड भन्दा बढीको बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाको निरीक्षण र हिसाव जांच गर्न गराउन सक्नेछ ।
३.बचत तथा ऋणको मुख्य कारोवार गर्ने देहायका सहकारी संस्थाको हकमा देहाय बमोजिम मन्त्रालय, नेपाल राष्ट्र बैंक, सहकारी विभाग, प्रदेश सरकार र विराटनगर महानगरपालिकाको संयुक्त टोलीवाट सघन अनुगमन गरिनेछ:

(क) विराटनगर महानगरपालिकाको नियमन क्षेत्राधिकारभित्रका पांच करोड रुपैंया भन्दा बढी बचत दायित्व भएका संस्थाको महानगरपालिका र प्रदेश सरकारवाट ।

(ख) महानगरपालिका र प्रदेश सरकारको नियमन क्षेत्राधिकार भित्रका पच्चिस करोड रुपैंया भन्दा बढी बचत दायित्व भएका संस्थाको महानगरपालिका, प्रदेश सरकार र सहकारी विभागवाट ।

(ग) पचास करोड रुपैंया भन्दा बढी बचत दायित्व भएका संस्थाको विराटनगर महानगरपालिका, प्रदेश सरकार, सहकारी विभाग र नेपाल राष्ट्र बैंकवाट ।

तर पचास करोड रुपैंया भन्दा बढी बचत दायित्व भएका जुनसुकै संस्थाको सघन अनुगमन सहकारी विभागले गर्न सक्नेछ ।

४. विभागीय तहवाट भएको निरीक्षण अनुगमन प्रभावकारी नभएको भनी मन्त्रालयमा निवेदन दिएमा मन्त्रालयले समेत निरीक्षण अनुगमन गरी निर्देशन दिन सक्नेछ ।

५.सहकारी संघले मातहतका संघसंस्थाको निरीक्षण अनुगमन गरी सदस्यको सहभागिता, सेवा प्रवाहको अवस्था, ऐन, नियम एवम् विनियमको पालना, कोषको परिचालन र संघसंस्थाको वितीय अवस्था समेत खोली निरीक्षण प्रतिवेदन विभाग वा विराटनगर महानगरपालिकाको सहकारी शाखामा दिनु पर्नेछ ।

६. सहकारी विभागको रजिष्ट्रार, प्रदेश रजिष्ट्रार र विराटनगर महानगरपालिकाको कार्यकारी प्रमुखले देहायको विवरण सहित आ.ब. समाप्त भएको ३ महिनाभित्र निरीक्षण अनुगमनको बार्षिक प्रतिवेदन तयार गरी क्रमशः मन्त्रालय,

प्रदेश मन्त्रालय र कार्यकारी सभामा पेश गर्नुपर्नेछ:

(क) संचालनमा रहेका सहकारी संस्थाको विवरण,

(ख) अनुगमन गरिएका सहकारी संस्थाको विवरण र ती संस्थाको आर्थिक कारोवार,

(ग) अनुगमन गरिएका सहकारी संस्थामा सहकारी सिद्धान्त, ऐन, नियम, विनियम र आन्तरिक कार्यविधि पालनाको अवस्था,
(घ) संस्थावाट सदस्यहरुले प्राप्त गरेको सेवा सुविधाको अवस्था,
(ङ) संस्थाको कृयाकलापमा सदस्य सहभागिताको स्तर र अवस्था,
(च) संस्थाको आर्थिक तथा वित्तीय कृयाकलापको अवस्था,
(छ) संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,
((ज) संस्थामा आन्तरिक सुशासन र जिम्मेवारीको अवस्था,
(झ) संस्थाको कोष बाडफांडको विवरण र अवस्था,
(ञ) सहकारी संस्थामा नीति निर्माणको अवस्था,
(ट) संस्था दर्ता, खारेजी र विघटनको विवरण,
(ठ) संस्थाले संचालन गरेको व्यवसायिक कारोवार, ब्यवसाय, उद्योग र परियोजनाको विवरण ।

**<u>संस्था निरीक्षण तथा अनुगमन गर्दा चेकजांच गर्नु पर्ने विषयहरु:</u>**

सहकारी संस्थाको अनुगमन निरीक्षण गर्दा सहकारी नीति २०६९, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, सहकारी मापदण्ड, प्रदेश सहकारी ऐन २०७६, विराटनगर महानगरपालिकाको सहकारी ऐन २०७५(पहिलो संशोधन) नियमावली २०७७, मापदण्ड र संस्थाको विनियम बमोजिम काम भएको छ छैन, हेर्नु पर्दछ । सहकारी संस्थाका खास मालिक भनेका यसका सदस्यहरु नै भएकोले संस्थाको कारोवार सदस्य केन्द्रीत छ छैन र संस्थाको काम कारवाहीवाट कुनै पनि सदस्यलाई मर्का परेको छ छैन भन्ने विषयमा नियमनकारी निकायवाट जांचबुझ गरी सदस्यहरुको सुरक्षामा ध्यान केन्द्रीत गर्नु पर्दछ । विराटनगर महानगरपालिकाबाट सहकारी संस्थाको अनुगमन निरीक्षण गर्दा देहायको विवरण हेर्नु पर्नेछ:

१ संस्थाको नाम, ठेगाना, दर्ता नम्वर र दर्ता मिति,
२ शेयर पूँजी र प्रति शेयर मूल्य,
३ शेयर सदस्य संख्या (महिला तथा पुरुष),
४ संस्थाको कार्यक्षेत्र,
५ संचालक समितिको सदस्य संख्या,
६ संचालकको कार्यकाल,
७ पछिल्लो संचालक समितिको निर्वाचन मिति,
८ संस्थामा गठन भएका ऋण, बचत, शिक्षा, कृषि, महिला लगायतका उपसमितिहरुको कृयाशिलता,
९ ब्यवस्थापक तथा कर्मचारीहरुको संख्या,
१० बचतकर्ताको संख्या र कुल बचत रकम,
११ ऋणीको संख्या र कुल ऋण रकम,
१२ पछिल्लो साधारणसभा भएको मिति र साधारणसभामा उपस्थित सदस्य संख्या,
१३ साधारणसभावाट पारित भई लागू भएका विनियमावली, नीति, र कार्यविधिहरु,
१४ साधारणसभाले पारित गरेका योजना र कार्यक्रमहरु,
१५ संस्थाले संचालन गरेका बचत निक्षेपको प्रकार र ब्याजदर,
१६ संस्थाले दिने ऋणको प्रकार र ब्याजदर,

१७ संस्थाले लिने र दिने ब्याजदरको अन्तर ६ प्रतिशतको सीमाभित्र रहे नरहेको,
१८ संस्थाको ब्यवसायिक लगानी र व्यवसायवाट प्राप्त आय,
१९ संस्थाले खरिद गरेको मालससामानको कुलअंक,
२० संस्थाले विक्री गरेको मालसामानको कुलअंक,
२१ संस्थाको कूलआम्दानी र कुलखर्च,
२२ संस्थाको शुद्धबचत (नाफा) अंक,
२३ गैरसदस्य कारोवार भए नभएको,
२४ ब्यक्तिगत लेखा नम्वर (PAN) लिए नलिएको,
२५ कार्यक्षेत्र भन्दा बाहिर बचत परिचालन र ऋण लगानी भए नभएको,
२६ विनियममा ब्यवस्था भए अनुसार जगेडाकोष, लाभांश कोष, बोनस कोष, शिक्षा कोष, संस्था विकास कोष, संरक्षित पूंजि फिर्ता कोष, सहकारी प्रवर्द्धन कोष, सामुदायिक विकास कोष, घाटापुर्ति कोष, जोखिम ब्यवस्थापन कोष र स्थिरीकरण कोषमा नाफाको विभाजन भए नभएको तथा उक्त कोषहरुको प्रयोग उद्देश्य बमोजिम भएको छ छैन,
२७ शुद्ध बचत वा नाफाको कम्तीमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गरे नगरेको,
२८ जगेडा कोष छुट्याएर बांकी रकमको कम्तीमा २५ प्रतिशत र ०.५ प्रतिशत रकम संरक्षित पूँजी फिर्ताकोष र सहकारी प्रवर्ध्दन कोषमा जम्मा गरे नगरेको ।
२९ विनियमले तोके बमोजिम लाभांश कोष, बोनस कोष, शिक्षा कोष, संस्था विकास कोष, सामुदायिक विकास कोष, घाटापूर्ति कोष, जोखिम ब्यवस्थापन कोष र स्थिरीकरण कोषमा रकम विभाजन भए नभएको,
३० लाभांस वितरण गर्दा शेयर पुँजीको १८ प्रतिशत नबढने गरी वितरण भए नभएको,
३१ संरक्षित पुँजी फिर्ताकोषवाट कारोवार तथा योगदानको आधारमा लाभ वितरण भए नभएको,
३२ संस्थावाट कुनै धार्मिक निकाय, परोपकारी संस्था तथा राजनीतिक पार्टीलाई चन्दा दिए नदिएको,
३३ शेयर विक्री गर्दा एउटै ब्यक्ति वा निकायलाई २० प्रतिशतको सीमा भित्र पर्ने गरी बेचे नबेचेको,
३४ संस्थाले सरकारी नियमनकारी निकाय अर्थात स्थानीय तहमा नियमानुसार पठाउनु पर्ने वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन साधारणसभा भएको १५ दिन भित्र पठाए नपठाएको,
३५ सदस्यहरुलाई ऋण प्रदान गर्दा नियममा तोकिएको सीमा भन्दा बढी हुने गरी सेवा शुल्क लगाए नलगाएको,
३६ संस्थाले ऋण लगानी तर्फको पाकेको ब्याज नगद प्राप्ती (Cash Basis) मा आम्दानी जनाएको र बचत निक्षेपमा प्रदान गर्ने ब्याज प्रोदभावी (Accrual Basis) मा लेखांकन गरेको छ छैन,
३७ संस्थाले बचत संकलन गर्दा प्रारम्भिक पूंजिकोषको १५ गुणासम्म र ऋण लगानी गर्दा एक सदस्यलाई कुल पूंजिकोषको १० प्रतिशत भन्दा नबढने सीमालाई पालना गरेको छ छैन,
३८ संस्थाले स्वनियमनको लागि बचत तथा ऋण नीति, आर्थिक प्रशासन नीति, कर्मचारी प्रशासन नीति लगायतका नीति तथा कार्यविधि साधारणसभावाट स्वीकृत गरी लागु गरेको छ छैन,
३९ सदस्यहरु बीच संस्थापक र साधारण भनी विभेद भए नभएको,
४० संचालक समिति र लेखा तथा सुपरीवेक्षण समितिको उम्मेदवार हुन चाहने सदस्यले आफ्नो बांकी बक्यौता चुक्ता गरेर मात्र चुनावमा प्रतिस्पर्धा गर्नु पर्ने प्रवधानको पालना भए नभएको,

४१ संचालक समिति, लेखा तथा सुपरीवेक्षण समिति र उपसमितिका पदाधिकारीहरुले लिएको ऋणको विवरण चौमासिक रुपमा विराटनगर महानगरपालिकाको सहकारी शाखामा पठाए नपठाएको,
४२ संस्था दर्ता हुदाको बखत कायम भएका सदस्यहरु बाहेक अन्य सदस्यहरुले लगातार ३ महिना बचत गरे पछि मात्र ऋण लिन पाउने प्रावधान पालना भए नभएको,
४३ साधारणसभाको निर्णय नगराई संचालक तथा लेखा समितिका पदाधिकारीहरुले भत्ता तथा अन्य सुविधा लिए नलिएको,
४४ संस्थावाट सदस्यहरुलाई ऋण स्वीकृत गर्नु अगाडि धितो मूल्यांकन भएको छ छैन,
४५ संस्थावाट सदस्यहरुलाई ठूलो आकारको ऋण (रु. दश लाख भन्दा बढी) स्वीकृत गर्दा संस्थागत धितो मूल्यांकनकर्तावाट धितो मूल्यांकन भएको र ऋण प्रदान गर्दा प्रयाप्त धितोको व्यवस्था भएको छ छैन,
४६ संस्थावाट सदस्यहरुलाई ऋण प्रदान गर्नु अगाडि संझौता वा तमसुकमा नियमपूर्वक ऋणी तथा साक्षीको सहीछाप भएको छ छैन,
४७ संस्थामा आन्तरिक नियमनको लागि गठन भएको लेखा समितिले सकृय रुपमा जिम्मेवारी पालना गरेको र नियमानुसार चौमासिक रुपमा संचालक समितिलाई र बार्षिक रुपमा साधारणसभालाई दिनुपर्ने प्रतिवेदन दिएको छ छैन,
४८ लेखा समितिको प्रतिवेदनको आधारमा संचालक समितिले सुधारात्मक काम गरेको छ छैन,
४९ लेखापरीक्षकको प्रतिवेदनमा औंल्याएका सैद्धान्तिक विषयहरुमा सुधार भएको छ छैन र असुलउपर गर्नुपर्ने वेरुजू रकम दाखिला भएको छ छैन,
५० संस्थाले ऋण लगानी गर्दा ऋण उपसमितिको सिफारिशमा संचालक समितिको निर्णय अनुसार अधिकार प्राप्त अधिकारीबाट ऋण स्वीकृत भएको छ छैन,
५१ संस्थाले ब्याज दर निर्धारण गर्दा सन्दर्भ ब्याजदर बमोजिम गरे, नगरेको
५२ सदस्यहरुले जानकारीमा ल्याएर मात्र बचत तथा ऋणमा ब्याजदर परिवर्तन गरिएको हो होइन,
५३ संचालक समितिको बैठक ४५ दिनको अन्तरालमा बस्ने गरेको छ छैन,
५४ संस्थाले बचत संकलन, ऋण प्रवाह र शेयर विक्रीका लागि विज्ञापन गर्ने गरे नगरेको,
५५ संस्थाले नगद सुरक्षाको लागि ढुकुटी, काउन्टर र मार्गस्थ वीमा गरे नगरेको,
५६ नगद व्यवस्थापनको लागि नगदी किताव तथा दैनिकी किताव राखे नराखेको, ढिकुटीको साँचो क्यासियर र व्यवस्थापकको जिम्मामा रहे नरहेको र ढिकुटीवाट नगद झिक्दा र राख्दा बुझ्ने बुझाउने चलन रहे नरहेको,
५७ संस्थाले अन्य समान तहको प्रारम्भिक संस्थासंग ऋण, बचत र शेयरको कारोवार गरे नगरेको ।
५८ पाँच करोड रुपैंया वा सो भन्दा बढी बचत दायित्व भएका संस्थाले यो नियमावली प्रारम्भ भएको एक बर्षभित्र र सो भन्दा घटी दायित्व भएकाले तीन बर्षभित्र एकीकृत सूचना प्रणालीमा आवद्ध भएको छ, छैन ।

## परिच्छेद तीन

## सहकारी संघसंस्था दर्ता प्रकृया

कुनै पनि तहवाट सहकारी संस्थाको गठन कार्य सम्पन्न गर्न धेरै प्रकृया र चरणहरु पार गर्नुपर्दछ। सहकारी संघसंस्था दर्ता गर्दा विगतमा नियमक निकाय ज्यादै उदार भएकै कारणले गर्दा सिंगो सहकारी आन्दोलनवाट नियमक निकायलाई बच्चा जन्माउने र बेवारिस छाडिदिने जस्ता लाञ्छना लाग्ने गरेको छ। अव उप्रान्त विराटनगर महानगरपालिकावाट ती कमजोरीहरु दोहोर्‍याउनु हुँदैन। सहकारी संस्था दर्ता गर्दा समुदायको ठोस आवश्यकता र सरोकारवालाको ठीक पहिचान गरेर मात्र निर्णय लिनुपर्दछ।

**पूर्व सहकारी शिक्षा तालिम लिनु पर्नेः**

सहकारी संस्था दर्ता प्रकृयाको थालनी ब्यक्तिहरुको संगठित हुने आकांक्षावाट शुरु हुन्छ। सहकारीमा संगठित हुने मानवीय इच्छालाई व्यवहारमा उतार्न सहकारी विषयक चेतनाको आवश्यकता पर्दछ। त्यसैले सहकारी संगठनमा आवद्ध हुन चाहने प्रत्येक सदस्यले अनिवार्य पूर्व सहकारी शिक्षा तालीम लिई सहकारी अवधारण वारे आधारभूत ज्ञान प्राप्त गरेको हुनुपर्दछ। पहिलो खुडकिलोको रुपमा पूर्व सहकारी शिक्षा तालीम लिएको ब्यक्ति सदस्य वन्नको लागि योग्य हुन्छ। पूर्व सहकारी शिक्षा संचालनका लागि नगरपालिकाका कर्मचारीहरु वा नगरपालिकाले सूचीकृत गरेका व्यक्तिहरुबाट तालीम लिएको हुनुपर्ने र यसका लागि प्रशिक्षक प्रशिक्षण लिएका व्यक्तिहरुलाई नगरपालिकाले सूचीकृत गर्नेछ। पूर्व सहकारी शिक्षा कार्यक्रम संचालन खर्च संस्था आफैले व्यहोर्नुपर्नेछ।

**प्रथम प्रारम्भिक भेलाः**

सम्वन्धित स्थानीय महानगरपालिकाको भौगोलिक क्षेत्र तथा प्रस्तावित संस्थाको कार्यक्षेत्रभित्र बसोबास गर्ने कम्तिमा ३० जना (पारिश्रमिक लिने कर्मचारी, शिक्षक, प्राध्यापकवाट संचालित र म.न.पा.को क्षेत्रमा बचत तथा ऋण सहकारीको हकमा १०० जना, श्रम वा सीपमा आधारित यूवा तथा श्रमिकवाट गठित उत्पादनमुलक सहकारी भए १५ जना) नेपाली नागरिकहरु मिलेर कुनै एक जनाको अध्यक्षतामा प्रथम प्रारम्भिक भेलाको आयोजना गरी निम्नलिखित प्रस्तावहरुमा निर्णय लिनु पर्दछः

**क. सहकारी संस्था गठन सम्वन्धमा**ः भेलामा उपस्थित ब्यक्तिहरु समेतको स्वामित्व कायम हुने गरी सहकारी मूल्यमान्यता, सिद्धान्त र कानूनको पालना गरी सहकारी पद्धतिवाट उद्यम ब्यवसाय संचालन गर्ने।

**ख. संस्थाको नाम र ठेगाना सम्वन्धमाः** स्थानीय सरकार (विराटनगर म.न.पा.) को कार्यक्षेत्रभित्र अन्य संस्थासंग नाम नबाझिने वा नजुध्ने तर संस्थाको कार्यप्रकृति झल्कने गरी नेपाली भाषामा संस्थाको नामाकरण गर्नु पर्दछ। संस्थाको नामाकरण गर्दा फाइनान्स, कम्पनी, इन्भेष्टमेन्ट, बैकं आदि जस्ता शब्दहरु राख्नु हुदैन।

**ग. संस्थाको कार्यक्षेत्र सम्वन्धमाः** स्थानीय सरकार (विराटनगर म.न.पा.) को भौगोलिक क्षेत्रभित्र कति कार्यक्षेत्र कायम गरी संस्था दर्ता गर्ने भन्ने निर्णय गर्नुपर्दछ। सहकारी संस्था समुदायमा आधारित हुने हुनाले शुरुमा दर्ता गर्दा सानो कार्यक्षेत्रको लागि अनुमति माग गर्नुपर्दछ। कामको आधारमा आउने दिनमा कार्यक्षत्र थप हुन सक्नेछ। विराटनगर महानगरपालिकाको सहकारी ऐन,

२०७५ बमोजिम बचत तथा ऋण सहकारी संस्थाको हकमा महानगरपालिका एक वडास्तर सम्म कार्यक्षेत्र रहने गरी संचालन गरिने स्वीकृत प्रदान गर्न सकिनेछ ।

**घ.संस्थाको सोच, ध्येय र उद्देश्य निर्धारण सम्वन्धमा:** कुनै पनि सहकारी संस्थाको दीर्घकालीन सोच, ध्येय र उद्देश्य स्पष्ट हुनु पर्दछ । संस्थावाट के प्राप्त गर्ने, कुन माध्यमवाट प्राप्त गर्ने, के कस्ता परिवर्तन ल्याउने, त्यसको लागि के कस्ता उद्धेश्य निर्धारण गर्ने । विनियम बनाउँदाको अवस्थामा नै उद्देश्य अनुरुपका कार्यहरु निर्धारण भएको हुनु पर्दछ । विनियममा उल्लेख नभएका कार्यहरु गर्न पाईदैन ।संस्थाको प्रकृति र उद्देश्यसंग बाझिने गरी कुनै काम गर्न पाईदैन ।

**ङ.प्रवेश शुल्क तथा शेयरको मूल्य निर्धारण सम्वन्धमा:** सदस्यताको लागि प्रवेश शुल्क कति लिने, न्यूनतम कति शेयर लिनु पर्ने, एउटा ब्यक्तिले अधिकत्तम कतिसम्म शेयर खरिद गर्न पाउने, शेयरको मूल्य कति कायम गर्ने आदि बारेमा स्पष्ट निर्णय लिनु पर्दछ । एक जना ब्यक्तिले थोरैमा एक र बढीमा २० प्रतिशत सम्म शेयर खरिद गर्न सक्ने सहकारी ऐनको ब्यवस्थाको सिमा पालना गरी निर्णय गर्ने र एक शेयरको मूल्य रु.१०० कायम गर्नु पर्दछ ।

**च.तदर्थ संचालक समितिको गठन सम्वन्धमा:** प्रथम प्रारम्भिक भेलामा उपस्थित ब्यक्तिहरु मध्येवाट समावेशी र सहभागितामूलक हुने गरी अध्यक्ष सहित सात सदस्यीय तदर्थ संचालक समिति गठन गरी माथि उल्लेखित प्रस्ताव कार्यान्वयन र संस्था दर्ताको जिम्मेवारी दिने ।

**छ. विनियमको मस्यौदा तयार गर्ने सम्वन्धमा:** तदर्थ समितिका सदस्यहरु तथा भेलामा उपस्थित ब्यक्तिहरु मध्येवाट एक जना संयोजक सहित तीन सदस्यीय मस्यौदा समिति वा कुनै विज्ञ छनोट गरी संस्थाको विनियम मस्यौदा तयार गर्ने जिम्मा दिने । विराटनगर महानगरपालिकाको सहकारी ऐन, २०७५ र सहकारी नियमावली, २०७७ बमोजिम सहकारी संस्थाको विनियम मस्यौदा तयार गर्दा देहायका विषयबस्तु समावेश गर्नु पर्दछ:

**प्रस्तावना :**

१ संक्षिप्त नाम र प्रारम्भ
२ संक्षिप्त नाम र ठेगाना
३ परिभाषा र व्याख्या
४ उद्देश्य
५ कार्यहरु
६ कार्यक्षेत्र
७ संस्थाको सदस्यता
८ सदस्यको लागि योग्यता
९ सदस्यताका लागि निवेदन र प्राप्ती
१० सदस्यताको अन्त्य
११ सदस्यको निश्काशन
१२ सदस्यबाट राजीनामा
१३ पुनः सदस्यता
१४ सदस्यको काम, कर्तब्य र अधिकार
१५ सदस्यता खुल्ला रहने
१६ सदस्यता प्राप्ती, पुनः प्राप्ती र राजीनामा स्वेच्छिक हुनुपर्ने
१७ शेयर पूंजी
१८ सदस्य वन्न कम्तीमा एक शेयर खरीद गर्नुपर्ने

१९ थप शेयर खरीद गर्न सक्ने
२० शेयर फिर्ता वा हस्तान्तरण
२१ प्रवेश शुल्क
२२ कृत्रिम छेकवार नलगाइने
२३ शेयर प्रमाणपत्र
२४ सदस्यको दायित्व सीमित हुने
२५ प्रारम्भिक साधारण सभा
२६ वार्षिक साधारण सभा
२७ विशेष साधारण सभा
२८ साधारण सभाको बैठक
२९ साधारण सभाको काम कर्तव्य र अधिकार
३० साधारण सभाको निर्णय अनिवार्य हुने
३१ गाउँ टोल उपक्षेत्रीय बैठक
३२ गाउँ टोल उपक्षेत्रीय बैठकको कार्यहरु
३३ गाउं टोल उपक्षेत्रीय बैठकको कार्य व्यवस्था
३४ सञ्चालक समिति
३५ संचालक समितिको काम कर्तव्य र अधिकार
३६ समितिको बैठक
३७ लेखा सुपरिवेक्षण समिति
३८ लेखासुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार
३९ समिति वा लेखा सुपरिवेक्षण समितिको सदस्यमा वहाल रहन नसक्ने अवस्था
४० उपसमितिहरुको गठन
४१ प्रतिनिधित्व
४२ उत्तरदायित्व श्रृंखला
४३ अध्यक्षको काम, कर्तव्य र अधिकार
४४ व्यवस्थापकको नियुक्ति
४५ व्यवस्थापकको काम, कर्तव्य र अधिकार
४६ विशेष जिम्मेवारी
४७ कर्मचारीको नियुक्ति तथा सेवाका सर्तहरु
४८ कोषको व्यवस्था
४९ कोषको सुरक्षा
५० कोषको उपयोग
५१ खाता संचालन
५२ बचतको वितरण
५३ जगेडाकोष
५४ संरक्षित पूँजीफिर्ता
५५ लाभांश वितरण नगरिने
५६ जगेडाकोषमा रहक सार्नुपर्ने
५७ बचत संकलन गर्न सक्ने नसक्ने
५८ बचत संकलनमा सीमा
५९ ऋण दिन सक्ने
६० ऋण प्रवाहमा सीमा

६१ ऋण बाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने
६२ साधारण सभाको स्वीकृति लिनुपर्ने
६३ सदस्य केन्द्रीयता
६४ स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिवन्ध
६५ कर्मचारीसंगको कारोवारमा निर्वन्धन
६६ जोमिख मूल्यांकन
६७ कारोवार नगरिने
६८ कारोवारको लेखा
६९ खातावही
७० आन्तरिक हिसाव जांच
७१ वार्षिक हिसाव जांच
७२ विद्युतीय प्रणालीको प्रयोग गर्दा जोखिम मूल्यांकन गर्नुपर्ने
७३ अन्य आधारभूत कागजात
७४ एकीकृत सूचना प्रणालीमा आवध्दता
७५ दर्ता अधिकारी वा दर्ता अधिकारीबाट अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवेदन
७६ वित्तीय जानकारी एकाइमा प्रतिवेदन
७७ साधारण सभामा जानकारी गराउनु पर्ने
७८ सूचनाको हक तथा अग्रतापूर्ण खुलासा
७९ सूचनाको संरक्षण
८० ह्कवालाको मनोनयन
८१ हकदावी वा नामसारी
८२ निर्वाचन
८३ सपथ गहण
८४ एकीकरण वा विभाजन
८५ कार्यान्वयन अधिकारी
८६ मध्यस्थता
८७ समानता र समता
८८ विनियम संसोधन पुनर्लेखन
८९ साधारण सभाले कार्यविधि बनाउन सक्ने
९० व्याख्या गर्न अधिकार
९१ ऐन, नियमावलीसंग बाझिएकोमा अमान्य हुने
९२ विविध
९३ खारेजी र बचाउ

**ज. कोष जिम्मा लिने सम्वन्धमाः** सहकारी संस्था दर्ता गर्नु पूर्व उठाएको प्रवेश शुल्क र शेयर वापतको रकम जिम्मा लिने ब्यक्ति तोक्ने काम गर्नु पर्दछ ।

**झ. संस्थाको कार्ययोजना बनाउने सम्वन्धमाः** सहकारी संस्थाको उद्देश्य पुरा गर्न के के कामहरु गर्ने । ती कामहरु पुरा

गर्न के कति स्थिर र के कति चालु पूंजि कहांवाट र कुन श्रोतवाट जुटाउने, संस्थाको आम्दानी र खर्च आकलन गर्ने र खुद आम्दानी निर्धारण गर्ने काम कार्ययोजना अन्तरगत पर्दछन । यस कामको लागि तीन सदस्यीय समिति वा कुनै विज्ञलाई तोक्नु पर्दछ ।

**ञ. संस्थाको आचार संहिता बनाउने संवन्धमा:** संस्थाका सदस्यहरुले पालना गर्नु पर्ने अनुशासनका नियमहरु समेटेर

आचार संहिता बनाउनु पर्दछ ।

**ट. अन्य विषय:**

**दोश्रो प्रारम्भिक भेला:** तदर्थ समितिको अध्यक्षको सभापतित्वमा बसेको बैठकले प्रथम प्रारम्भिक भेलामा सहकारी संस्था खोल्ने वारेको निर्णयमा सहिछाप गर्ने कम्तिमा बचत तथा ऋणको हकमा १०० जना र अन्य संस्थाको हकमा ३० जना, श्रम र सीपमा आधारित संस्थाका हकमा १५ जना ब्यक्ति समेतका स्थानीय नागरिकहरुको उपस्थितिमा दोश्रो प्रारम्भिक भेला बस्नु पर्नेछ । यस भेलाले देहायका विषयमा विस्तृतरुपमा छलफल गरी निर्णय लिनु पर्नेछ:

१) विज्ञब्यक्ति वा मस्यौदा समितिवाट तयार गरिएको मस्यौदा विनियम उपर बूंदागत रुपमा छलफल गरी देहायका विषयमा निर्णय गर्नु पर्दछ :

- विनियमको प्रस्तावना सम्वन्धमा
- संस्थाको सोच, ध्येय, उद्देश्य र कार्यहरुको सम्वन्धमा
- विनियममा उल्लेखित उद्देश्य र कार्यहरु बीचको सुसंगत सम्वन्धको विषयमा
- शुद्ध बचत अर्थात मुनाफावाट कोषमा रकम बाँडफाँड सम्वन्धमा
- संचालकहरुको जिम्मेवारी र जवाफदेहिता सम्वन्धमा
- ब्यवस्थापक तथा कर्मचारीहरुको जिम्मेवारी र जवाफदेहिता सम्वन्धमा
- ब्यवस्थापन र संचालन कार्यविधि संवन्धमा
- संचालक समितिको कामकर्तब्य र अधिकारले साधारणसभाको कामकर्तब्य र अधिकार माथि अतिक्रमण नभएको सुनिश्चिता सम्वन्धमा ।

२) विज्ञ ब्यक्तिद्वारा तयार पारिएको कार्य योजनाका विषयमा विस्तृत छलफल गरी पारित गर्ने ।

३) संस्था दर्ता गर्ने कामका लागि आवश्यक कार्य गर्न कुनै एकजना सदस्यलाई अधिकार प्रत्यायोजन गर्ने ।

४) अख्तियारवाला निकायवाट संस्था दर्ता गरी प्रमाण-पत्र जारी गर्नु पर्नेछ । संस्था दर्ता भए पछि प्रवेश शुल्क र शेयर वापत उठेको रकम नजिकको बैकंमा खाता खोलि जम्मा गर्ने र खाता संचालनको जिम्मेवारी तोक्ने काम गर्नुपर्दछ ।

**संस्था दर्ताका लागि आवश्यक कागजात तयारी गर्ने:**

तदर्थ समितिको तर्फवाट सहकारी संघसंस्था दर्ताको लागि जिम्मेवारी लिने ब्यक्तिले सहकारी नियमावली, २०७७ को नियम ३ अनुसुची-१ बमोजिमको आवेदन साथ देहायका कागजात संलग्न गरी सम्वन्धित स्थानीय निकायमा पेश गर्नु पर्दछ :

१. सहकारी नियमावलीको नियम ३ संग संवन्धित अनुसुची १ को ढांचा बमोजिमको आवेदनमा रु.१० को टिकट टांस गरी तदर्थ समितिको अध्यक्षको दस्तखत सहितको संस्था दर्ताको आवेदन-पत्र,
२. तदर्थ संचालक समितिका पदाधिकारीहरुले प्रत्येक पानाको शिर र पुच्छारमा दस्तखत गरेको दुई प्रति सक्कलै विनियम,
३. तदर्थ संचालक समितिका पदाधिकारीहरुले दस्तखत गरेको २ प्रति कार्ययोजना,
४. तदर्थ संचालक समितिका पदाधिकारीहरुले दस्तखत गरेको २ प्रति आचार संहिता,
५. प्रथम तथा दोश्रो प्रारम्भिक भेलाले गरेका निर्णयहरुको प्रमाणित प्रतिलिपि एक प्रति,

६. संस्था दर्ताको लागि आवेदन गर्ने सदस्यहरुको दस्तखत सहितको विवरण, विराटनगर महानगरपालिकाको सहकारी नियमावली २०७७ को नियम ३ को उपनियम (३) को खण्ड (घ) संग संवन्धित अनुसूची ६ बमोजिम संचालकहरुको फोटो सहित सदस्य दर्ता किताव र निजहरुको नागरिकता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि,
७. तदर्थ समितिको तर्फवाट विधिवत रुपमा संस्था दर्ता गर्ने कामको लागि अधिकार प्राप्त सदस्यको नमूना दस्तखत सहितको अधिकार प्रत्यायोजन पत्र,
८. प्रथम प्रारम्भिक भेलाको निर्णय बमोजिम प्रवेश शुल्क र शेयर वापत उठेको रकम बैंकमा जम्मा गरेको भौचरको प्रतिलिपि वा कुनै संचालक सदस्यले जिम्मा लिएकोमा निजले संस्था दर्ता भए पछि संस्थाको नाममा बैंक खाता खोलि जम्मा गर्ने प्रतिवद्धता सहितको सक्कल भरपाई,
९. तदर्थ संचालक समितिका पदाधिकारीहरुको हालसालै खिचेको फोटो र हस्ताक्षर सहितको तीन पुस्ते विवरण,
१०. बसोबासको आधारमा नयां संस्था दर्ता गर्दा सदस्यहरु जुनजुन वडामा बस्दछन त्यही त्यही वडा समितिको सिफारिश पत्र,
११. संस्थागत आधारमा नयां संस्था दर्ता गर्दा कारखाना वा कार्यालय परिसरभित्र मात्र कार्यक्षेत्र रहने गरी संवन्धित कारखाना वा कार्यालयको सिफारिश पत्र,
१२. प्रत्येक सदस्यले पूर्व सहकारी शिक्षा तालिम लिएको प्रमाण पत्रको प्रमाणित प्रति,
१३. प्रत्येक सदस्यको पेशा तथा व्यवसाय खुल्ने प्रमाण तथा कागजात (कृषि सम्वन्धित सहकारीको लागि खेतवारीको पुर्जा वा ठेकको पट्टा, दुग्ध सहकारीको लागि दुधालु पशु, श्रमिकको नियुक्ति आदि)
१४. निम्नलिखित विवरण उल्लेख भएको आवेदकहरु दस्तखत सहितको स्वघोषणा पत्र:

क) यस अगाडि सहकारी संघसंस्थाको रकम हिनामिना गरी कारवाहीमा नपरेको,

ख) बैक तथा वित्तीय संस्था र कर्जा सूचना केन्द्रको कालो सूचीमा नपरेको,

ग) प्रस्तावित संस्थाका आवेदकहरु विराटनगर महानगरपालिकाको कार्यक्षेत्रभित्र रहेका समान प्रकृतिको अर्को संस्थामा सदस्य नरहेको,

घ) प्रस्तावित संस्थाका आवेदकहरु अन्य कुनै पनि सहकारी संस्थामा संचालक वा पदाधिकारी नरहेको,

ङ) सहकारी मूल्य-मान्यता, सिद्धान्त, सहकारी ऐन, नियमावली र संस्थाको विनियम संस्था संचालन गर्न मञ्जुर भएको ।

१५. सदस्यहरु संस्थाको कार्यक्षेत्रभित्र बसोवास गरेको हुनुपर्दछ । यसको प्रमाणको लागि देहाय बोजिमका प्रमाणहरुको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्दछ :

क. नागरिकता प्रमाणपत्र वा

ख. बसाई सराईको प्रमाण पत्र वा

ग. विवाह दर्ताको प्रमाण पत्र वा

घ.मतदाता परिचय-पत्र वा मतदाता नामावलीमा नाम समावेश भएको प्रमाण वा

ङ. सम्वन्धित कार्यक्षेत्र भित्र संगठित संघसंस्थामा काम गरेको प्रमाण-पत्र वा

च.सम्वन्धित आवेदकको नाममा भएको जग्गाधनी प्रमाणपूर्जा वा एकाघरको सदस्यको नाममा भएको जग्गाधनी प्रमाणपूर्जाको प्रमाणित प्रतिलिपि वा

छ. कुनै पेशा वा व्यवसाय संचालन गरेको भए व्यवसाय ईजाजत पत्रको प्रमाणित प्रतिलिपि वा

ज.कुनै कार्यालय, शैक्षिक प्रतिष्ठान, ब्यापारिक प्रतिष्ठान तथा उद्योग कलकारखानाको कर्मचारी वा श्रमिक भए नियुक्ति पत्र वा

झ. स्थानीय निकायवाट जारी भएको नाता प्रमाणित पत्र

**<u>स्थानीय तहले सहकारी संघसंस्था दर्ता गर्दा अपनाउनु पर्ने कार्यविधि:</u>**

१. स्थानीय तहमा दर्ताको लागि पेश हुन आएका माथि उल्लेखित कागजातहरु प्रमाणित हो होइन एकिन गर्न विराटनगर महानगरपालिकाको सहकारी शाखा (Cooperative Branch) को जिम्मेवार कर्मचारीले सम्पूर्ण कागजातहरु रुजू गर्नु पर्दछ ।

२. सवै कागजात ठीक दुरुस्त भएको निश्चित भए पछि मात्र आवेदन दर्ता गर्नु पर्दछ । कागजात नपुग वा अधुरो भएको अवस्थामा दर्ता नगरी पुरा विवरण सहित पेश गर्नेगरी फाइल फिर्ता गर्नु पर्दछ ।

३. दर्ता गर्ने अधिकारीको अनुमति लिएर सम्वन्धित फांटको कर्मचारीले अनिवार्य रुपमा स्थलगत निरीक्षण गरी यथार्थ जानकारी र सूचना लिई प्रतिवेदन दिनु पर्दछ । उक्त प्रतिवेदन संवन्धित दर्ता फायलमा समावेश गर्नु पर्नेछ । स्थलगत निरीक्षणमा चेकजांच गर्नु पर्ने मुख्य विषयहरु यस प्रकार छनः

क) संस्था समुदायमा आधारित रहे नरहेको पहिचान गरी उद्धेश्य र कार्यप्रकृति अनुसार संस्थाको आवश्यकता भए नभएको एकिन गर्ने ।

ख) सदस्यहरुको सहभागिताको अवस्था जांचबुझ गरी बढी भन्दा बढी समावेशी बनाउने उपाय गर्ने ।

ग)प्रस्तावित सदस्यहरुको संस्था संचालनको ज्ञान तथा क्षमता रहे नरहेको र उद्धेश्य बमोजिमको सेवा प्रवाहको आधार भए नभएको जांच गर्ने ।

घ)प्रस्तावित सदस्यहरुमा संस्था संचालनको गागि ब्यवसायिक सीप रहे नरहेको र स्थानीय स्तरमा पेशागत सीप भएका कामदार कर्मचारीहरु उपलब्ध हुने नहुने एकिन गर्ने ।

ङ) आवेदकहरुको समुदायिक पृष्ठभूमि र कार्यक्षेत्रभित्रको बसोवास एकिन गर्ने ।

४. संस्था दर्ताको लागि दर्ता गर्ने अधिकारीसमक्ष फायल पेश गर्नु अगाडि संवन्धित सहकारी शाखाको प्रमुखले सवै आवेदकहरुको सक्कल प्रमाण जाचबुझ गरी सनाखत गराउनु पर्दछ ।

५. सहकारी शाखाको प्रमुखले स्थलगत निरीक्षण प्रतिवेदन र सनाखतको काम पुरा गरे पछि निजले आफ्नो राय सहित दर्ता गर्ने अधिकारीसमक्ष दर्ताको निर्णयको लागि फायल पेश गर्नु पर्दछ ।

६. दर्ता गर्ने अधिकारीवाट पेश भएको ब्यहोरा उपयुक्त देखेमा संस्था दर्ताको निर्णय गर्नेछ ।

७. दर्ता अधिकारीले संस्था दर्ता गरी सके पछि अनुसूचीमा उल्लेखित ढाँचामा दर्ता प्रमाण पत्र दिनु पर्नेछ ।

**अनुसूचीहरू:**

१. सहकारी सिद्धान्तसम्मतिको जाँच

२. सहकारी विधिसम्मतिको जाँच

३. सुशासकीय मानकको जाँच

४. पहिलो प्रारम्भिक भेला : निर्णयहरूको नमुना

५. दोस्रो प्रारम्भिक भेला : निर्णयहरूको नमुना

६. व्यावसायिक कार्ययोजनाको रूपरेखा

७. दर्ता दरखास्तको नमुना

८. अधिकार प्रत्यायोजनको नमुना

९. स्व-घोषणा-पत्रको नमुना

१०. सम्भाव्यता अध्ययन प्रतिवेदनको विषयवस्तु

११. भर्पाईको नमुना

१२. आवेदकहरूको विवरण फाराम

१३. तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण फाराम

१४. संस्था दर्ता कितापको नमुना

१५. संस्था दर्ता प्रमाण-पत्रको नमुना

१६. सहकारी संस्थाको विनियमको नमुना

१७. दर्ता कार्यप्रवाह तालिका

**(द्रष्टव्य : माथि उल्लिखित अनुसूचीहरु सहकारी विभागद्वारा जारी गरिएको सहकारी संस्था दर्ता दिग्दर्शन (स्थानीय तह) २०७४ अनुसार नै हुनेछ ।)**

आज्ञाले,
इन्द्रमणि पोखरेल
(प्रमुख प्रशासकीय अधिकृत)